[illegible]

**बैठक नं १३- आ.व.२०६९।०७०**

आज मिति २०६९।१२।०१ गतेका दिन बुटवल नगरपालिकाका प्रमुख एवं कार्यकारी अधिकृत श्री खिम बहादुर रायमाझीको अध्यक्षता र देहायका आमन्त्रित वरिष्ठ अधिकृतहरु एवं अधिकृतहरुको उपस्थितिमा बुटवल नगरपालिकाको वोर्ड बैठक बसियो ।

समय : दिउसो ५:१५ बजे

स्थान : बु.न.पा.भवन

| सि.नं | पद | नाम थर | हस्ताक्षर |
|---|---|---|---|
| १ | प्रमुख एवं कार्यकारी अधिकृत | श्री खिम बहादुर रायमाझी | |
| | आमन्त्रितहरु | | |
| १ | वरिष्ठ अधिकृत | श्री बिष्णु प्रसाद खनाल | |
| २ | " " | श्री शिव नारायण शाह | |
| ३ | " " | श्री भुवा प्रसाद लुईटेल | |
| ४ | सिभिल ईन्जिनियर | श्री सुमन श्रेष्ठ | |
| ५ | " " | गौतम रौनियार | |
| ६ | आ.ले.प.अधिकृत | श्री लेखनाथ पोखरेल | |
| ७ | शाखा अधिकृत | श्री राम प्रसाद अर्याल | |
| ८ | " " | श्री बिजय देव भुर्तेल | |
| ९ | " " | श्री दामोदर ज्ञवाली | |
| १० | " " | श्री हरि प्रसाद आचार्य | |
| ११ | " " | श्री दिल बहादुर श्रेष्ठ | |
| १२ | " " | श्री कृष्ण प्रसाद ज्ञवाली | |
| १३ | | श्री बद्रि प्रसाद पौडेल | |
| १४ | " " | श्री डोलराज पौडेल | |

क्रमशः

निर्णय नं. १

बुटवल नगरपालिकाको आ.व. ०६९/०७० का लागि स्वीकृत योजनाहरु मध्ये जगेडा कोष नेपालको सहयोगमा वडा नं. १३ वाणिज्य क्याम्पस रोड र वडा नं. ५, ६, ७ र ८ अमरपथ पिच निर्माण कार्यका लागि बोलपत्र आह्वान गर्दा उक्त ठेक्काबाट बचन गएको रकम मध्येबाट कार्यान्वयन गर्ने गरी निम्नानुसारका आयोजनाहरु स्वीकृतिका लागि संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय जगेडा कोषमा अनुरोध गर्ने निर्णय गरियो ।

क. बु.न.पा. वडा नं. १३ स्थित शिवपथ पिच निर्माण कार्य ५०/५० कार्यक्रम अन्तरगतको लागत सहभागितामा उपभोक्ता समिति मार्फत कार्यान्वयन गर्ने गरी प्राविधिकबाट पेश भै आएको ल.ई. रु.३०,०१,५७३/६९ स्वीकृत गरी कार्यान्वयन गर्ने निर्णय गरियो।

ख. बु.न.पा. वडा नं. ८ स्थित कालिका पथ जोडने बाटोको पिच निर्माण कार्यका लागि प्राविधिकबाट पेश हुन आएको ल.ई. रु.३०,३५,२४७/७५ (भ्याट सहित) स्वीकृत गरी ठेक्का प्रक्रिया मार्फत कार्यान्वयन गर्ने निर्णय गरियो।

निर्णय नं. २

बु.न.पा. वडा नं. ५ स्थित तिलोत्तमा पथको चिडिया चौकी सम्मको पिच सडक मर्मत कार्य गर्न आवश्यक भएको हुँदा सो कार्यका लागि प्राविधिकबाट तयार भै आएको ल.ई. रु.३१,१२,६३८/९३ स्वीकृत गरी सडक बोर्ड कार्यक्रम अन्तरगत स्वीकृत आयोजना सञ्चालन गर्दा बचत हुन आएको बजेट रकम बाट उक्त आयोजनाको कार्यान्वयन प्रक्रिया अगाडि बढाउने निर्णय गरियो।

निर्णय नं. ३

यस बुटवल नगरपालिका कार्यालयको स्वीकृत बार्षिक बजेट नीति तथा कार्यक्रम अन्तरगत सञ्चालन, कार्यान्वयन एवं सम्पन्न समेत भै भुक्तानी गरिएका निम्न आयोजनाहरुको जाँचपास तथा फरफारक गरी आगामी नगरपरिषदमा अनुमोदनका लागि पेश गर्ने निर्णय गरियो ।

| क.स. | योजनाको नाम | वडा नं. | फर्म/उपभोक्ता समितिको नाम | लागत ईस्टिमेट | स्वीकृत रकम | भुक्तानी रकम |
|---|---|---|---|---|---|---|
| १ | पिच निर्माण कार्कीपथ | १३ | कार्कीपथ ग्राभेलिङ्ग तथा नाली निर्माण उपभोक्ता समिति | ५३०६५८५८ | २६०००००० | २६०००००० |
| २ | पि.सि.सि. तथा नाली निर्माण गण्डकीपथ. | १० | गण्डकी पारिजात पथ उपभोक्ता तथा टोल सुधार समिति | १६७२८०२१ | ८३६४००० | ८३११००० |
| ३ | नाली निर्माण धर्मपथ | १० | धर्मपथ नाली निर्माण उपभोक्ता समिति | ३०१६७९८६ | १५०००००० | १४९९९२०० |
| ४ | नाली निर्माण शुक्रपथ | १० | शुक्रपथ टोल विकास समिति | ६०१६२८८९ | ३००००००० | ३००००००० |
| ५ | नाली निर्माण एकतामार्ग | ५ | एकतामार्ग उपभोक्ता समिति | १६६७४६७९ | ८३३७३०० | ८२४६९०० |
| ६ | ह्यूम पाईप आपूर्ति कार्य विभिन्न स्थान | | एम.के ईण्डष्ट्रिज हाटि बनगाई रुपन्देही | ११२५६९१९ | ११०१७५०० | ११०१७५०० |
| ७ | पिच निर्माण श्रीनगरपथ | १० | श्रीनगरपथ टोल सुधार समिति | ४७६२५१८८ | २३८१२५०० | २३७७९३०० |
| ८ | रिटेनिङ्ग वाल तथा माटो फिलिङ्ग कार्य हिलपार्क | ८/९ | बुटवल हिलपार्क परिषद | ३४६२४०४४ | ३००००००० | २९६४६१०० |
| ९ | सडक रिसिलिङ्ग कार्य धर्मपथ १०, प्रगतिपथ १३, भू.पु. सैनिकपथ १५ | १०,१३ र १५ | एशियाटिक-अरनिको एण्ड भिम जे.भी | ६६५३३३०५८ | ४०१३५११०६ | ४०१३३५१०० |
| १० | पिच सडक मर्मत धर्मपथ १०, प्रगतिपथ १३ एकतापथ ५ | १०, १३ र ५ | अरनिको एण्ड भिम कन्स्ट्रक्सन | २४४९७०९१० | १५६५९९८०७ | १५६४७६३०० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ११ | खानेपानी टंकी निर्माण मानव ज्ञान उच्च मा.वि रामनगर | १२ | श्री मानवज्ञान उच्च मा.वि. | २५२५८३८९ | १५०००००० | १४८३३९०० |
| १२ | खानेपानी टंकी निर्माण रामफेदी | ५ | तिलोतमा खानेपानी उपभोक्ता समूह | २३७८२८४० | १००००००० | ९९७६२०० |
| १३ | रिटेनिङ/वाउण्डी वाल निर्माण झाँके गल्ली | ७ | पन्त निर्माण सेवा बुटवल ६ | ४९७२४५२७ | ४१८४३३२४ | ३५०६९४०० |
| १४ | गौतमबुद्ध बहुउद्धेश्यीय भवन निर्माण बुटवल हिलपार्क | ८/९ | भूपेन कन्स्ट्रक्सन बुटवल ९ | ३०००३६४०६ | २१६७९९८३५ | २०६९५९१०० |
| १५ | सडक पिच निर्माण (दोश्रो चरण) बलभद्रपथ | ९ | बलभद्रपथ उपभोक्ता समिति | ४७७०१९९२ | २३८५३४०० | २११९५१०० |
| १६ | सडक ग्राभेल अस्मितापथ | १३ | अस्मितापथ उपभोक्ता समिति | ४९७९६७६३ | २४८९८३०० | २४८८५९०० |
| १७ | ग्याविन जाली भर्ने कार्य (अस्थायी ल्याण्ड फिल्ड साईट पवित्रनगर) | १३ | पवित्रनगर निर्माण तथा तटबन्धन उपभोक्ता समिति | ९९६११४८० | ८९५५७५०० | ८९५६७८०० |
| १८ | कक्षा कोठा निर्माण लक्ष्मी मा.वि | ६ | लक्ष्मी मा.वि लक्ष्मीनगर | १७५१०७६३ | १५०००००० | १४९५३४०० |
| १९ | खा.पा. लाईन विस्तार कार्य कालिकानगर | ११ | दुर्गा खुमापथ उपभोक्ता समिति | २३९१७३३८ | ११९५८६६९ | ११९२७००० |
| २० | खा.पा. लाईन विस्तार कार्य देवीनगर | १३ | के.वी.पथ उपभोक्ता समिति | २९५९४६९६ | १४७९७३४८ | १४७४७१०० |
| २१ | खा.पा. लाईन विस्तार कार्य कालिकानगर | १३ | न्यू नमस्तेपथ उपभोक्ता समिति | १६१८८५४९ | ८०९४२७४ | ८०४७२०० |
| २२ | खा.पा. लाईन विस्तार कार्य देवीनगर | १३ | अग्नीपथ उपभोक्ता समिति | ३१५९२५२७ | १५७९६२६४ | १५७५९६०० |

निर्णय नं. ४

बु.न.पा. वडा नं.१५ स्थित बँदेलपोखरी कुलाई समितिको मिति २०६९/०९/२२ को सहयोग सम्बन्धी पत्र आजको बैठकमा पेश भै छलफल हुदा उक्त समितिलाई कुलो सफाई प्रयोजनका लागि नियमित तथा आकस्मिक शीर्षकबाट रु.५५,०००/- (पचपन्न हजार) मात्र सहयोग उपलब्ध गराउने निर्णय गरियो।

निर्णय नं. ५

बु.न.पा. वडा नं. १३ स्थित कविपथमा जीर्ण कल्भर्ट निर्माण कार्यका लागि स्थानीय बासिन्दाबाट अनुरोध भै आएको र सो सम्बन्धमा सम्बन्धित वडा कार्यालयको सिफारिस सहित मर्मत कार्य गर्न रु.७०,०००/- लागत लाग्ने ईष्टिमेट प्राविधिकबाट पेश भइ आएको हुँदा ५०/५० सहभागितामा गर्ने गरी रु.३५,०००/- नियमित तथा आकस्मिक शीर्षकबाट उपलब्ध गराउने निर्णय गरियो।

निर्णय नं. ६

सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि २०६५ (संसोधन सहित) बमोजिम आगामी आ.व. ०७०/०७१ को सामाजिक सुरक्षा कार्यक्रममा समावेश हुनका लागि छानविन गरी सिफारिस गर्न गठित समितिको मिति २०६९/०९/२७ मा बसेको बैठकबाट छानविन भै तयार हुन आएको निम्नानुसारको विवरण कार्यालयबाट जि.वि.स. रुपन्दहीमा पठाएको हुँदा सो विवरणलाई अनुमोदन गर्ने निर्णय गरियो।

निम्न

अनुसूची ११

सूचना प्रवाह सम्बन्धी ढांचा

(कार्यविधिको बुदा ११ (१) (ख) संग सम्बन्धित )

जिल्ला रुपन्देही, बुटवल नगरपालिका कार्यालय

आ.व. ०७०/०७१

| सि.नं. | विवरण | जेष्ठ नागरिक | | | एकल महिला | | | पूर्ण अशक्त | | | आंशिक अपांग | | | लोपोन्मुख आदीवासी/जनजाती | | | जम्मा संख्या | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | म. | पु. | जम्मा | ६० माथि | ६० मुनि | जम्मा | म. | पु. | जम्मा | म. | पु. | जम्मा | म. | पु. | जम्मा | | |
| १ | नया परिचय पत्र विवरण संख्या | ११३ | ७९ | १९२ | ८९ | १८० | २६९ | ० | ० | ० | ० | ० | ० | ४ | १२ | १६ | ४७७ | |
| २ | यस आ.व.मा परिचयपत्र नवीकरण गरेको संख्या | ९३९ | ८७३ | १८१२ | ८२० | १०३४ | १८५४ | १३ | १४ | २७ | ३ | ५ | ८<br>० | ० | | ०<br>० | ३७०१ | |
| ३ | जम्मा संख्या | १०५२ | ९५२ | २००४ | ९०९ | १२१४ | २१२३ | १३ | १४ | २७ | ३ | ५ | ८ | ४ | १२ | १६ | ४१७८ | |
| ४ | लगत कट्टा | | | | | | | | | | | | | | | | | |
| | क. मृत्यु | १३ | ४३ | ५६ | १० | ० | १० | १ | ० | १ | | | | | | | | |
| | ख. बसाइ सराई | १ | ३ | ४ | १ | ० | १ | | | | | | | | | | ६७ | |
| | ग. अन्य | | | | | | | | | | | | | | | | ५ | |
| | जम्मा | | | | | | | | | १ | | | | | | | ० | |
| ५ | खुद जम्मा कायम संख्या | १०३८ | ९०६ | १९४४ | ८९८ | १२१४ | २११२ | १२ | १४ | २६ | ३ | ५ | ८ | ४ | १२ | १६ | ४१०६ | |

| | जेष्ठ दलित | | दलित वालवालिका | |
|---|---|---|---|---|
| | म | पु | म | पु |
| | ४१ | ४४ | ५० | ६२ |
| जम्मा | ८५ | | ११२ | |

नोट: पूर्ण अशक्त र आंशिक अपांगको हकमा नविकरण गरिएका संख्या मात्र राखिएको नयाँ थप हुने संख्याको हकमा विवरण पेश गरिएको जि.वि.स.बा समावेश हुने यकिन भएपछि मात्र संख्या थप गरिनेछ ।

निर्णय नं. ७

बु.न.पा. १३ माझगाँउ उपभोक्ता समितिबाट उपल्लो माझगाँउ हाटबजार सार्वजनिक शौचालय निर्माण गर्नका लागि सिमेन्ट उपलब्ध गराईदिन निवेदन पेश भएको हुदा उक्त स्थानमा सार्वजनिक शौचालय निर्माण र सञ्चालन गर्नका लागि ३० बोरा सिमेन्ट नियमित तथा आकस्मिक बजेट शीर्षकबाट खरिद गरी उपलब्ध गराउने निर्णय गरियो।

निर्णय नं. ८

बु.न.पा. वडा नं. १३ पवित्रनगर स्थित अस्थायी ल्याण्डफिल साइटको फोहोरमैला विसर्जन गर्ने स्थलमा ग्याबिन जाली भर्ने र साइट विस्तार गरी कार्यान्वयनमा जानु पर्ने भएकोले प्राविधिक ल.ई. गर्दा रु.८,७४,३६९/४२ भई आएको छ। स्थानीय उपभोक्ता समिति मार्फत कार्यान्वयनमा गर्ने गरी पेश भएको ल.ई. स्वीकृत गर्ने र अस्थायी ल्याण्डफिल साइटको व्यवस्थापनका लागि विनियोजित रकमबाट बजेट उपलब्ध गराउने र नपुग रकम नियमित तथा आकस्मिक बजेट शीर्षकबाट उपलब्ध गराउने निर्णय गरियो ।

निर्णय नं. ९

बु.न.पा. वडा नं. १३ स्थित जनजागरणपथमा कल्भर्ट निर्माण गर्न स्थानीय बासिन्दाबाट निवेदन भई आएकोमा प्राविधिकबाट लागत अनुमान गराउँदा रु.७७,६५७/१४ को ल.ई. पेश भएको हुदा उक्त कल्भर्ट ५०/५० सहभागितामा निर्माण गर्ने गरी रु.३८,८२८/५७ नियमित तथा आकस्मिक बजेट शिर्षकबाट उपलब्ध गराउने निर्णय गरियो।

निर्णय नं. १०

बुटवल नगरपालिका मर्मत संभार कोष परिचालन समितिको मिति २०६९/११/३० मा बसेको बैठकबाट भएको निर्णयलाई अनुमोदन गरियो ।

निर्णय नं. ११

यस बुटवल नगरपालिका कार्यालयको स्वीकृत कार्यक्रम अन्तरगत साधारण खर्च अन्तरगतका विभिन्न शीर्षकहरुबाट हुने गरेको खर्चहरुलाई अझ बढी मितव्ययी र के कसरी नियन्त्रण गर्न सकिन्छ सो सम्बन्धमा अध्ययन गरी प्रतिवेदन लिनका लागि निम्नानुसारको अध्ययन कार्यदल गठन गर्ने निर्णय गरियो।

| | | |
|---|---|---|
| आर्थिक प्रशासन महाशाखा प्रमुख | - | संयोजक |
| आ.ले.प. अधिकृत | - | सदस्य |
| शाखा अधिकृत प्रशासन | - | सदस्य |
| शाखा अधिकृत जिन्सी | - | सदस्य |
| अध्यक्ष ने.न.क.ए.ई.स. बु.न.पा.का. | - | सदस्य |

निर्णय नं. १२

बुटवल नगरपालिका कार्यालयको मौजुदा संगठन स्वरुप परिमार्जन, कर्मचारी दरबन्दी मिलान, पदको नामाकरण, पद र तह मिलान लगायतका कार्यहरु गर्न मिति २०६९/०९/२७ को नगर परिषदको निर्णय नं. ३ बाट यस बोर्डलाई अधिकार प्राप्त भएको हुदा सरोकारवाला र विज्ञ सहितको परामर्शमा सो सम्बन्धी कार्य गरी प्रतिवेदन दिन निम्नानुसारको कार्यदल गठन गर्ने निर्णय गरियो।

| | |
|---|---|
| प्रमुख एवं कार्यकारी अधिकृत, बु.न.पा.का. | संयोजक |
| महाशाखा प्रमुख - प्रशासन महाशाखा | सदस्य |
| महाशाखा प्रमुख - आर्थिक प्रशासन महाशाखा | सदस्य |

| | |
|---|---|
| महाशाखा प्रमुख - सामुदायिक विकास महाशाखा | सदस्य |
| महाशाखा प्रमुख - योजना तथा प्राविधिक महाशाखा | सदस्य |
| आ.ले.प. अधिकृत - बु.न.पा.का. | सदस्य |
| शाखा अधिकृत जिन्सी - बु.न.पा.का. | सदस्य |
| अध्यक्ष ने.न.क.ए.ई.स. बु.न.पा.का. | सदस्य |
| प्रतिनीधी ने.न.क.ए.ई.स. बु.न.पा.का | सदस्य |
| शाखा अधिकृत प्रशासन शाखा - बु.न.पा.का. | सदस्य सचिव |

निर्णय नं. १३

यस बुटवल नगरपालिका कार्यालयको योजना तथा प्राविधिक महाशाखामा रिक्त रहेको अधिकृत स्तर सातौं (प्राविधिक) तहको पद नियमानुसार पदपूर्ति गरीदिन पदपूर्ति समिति बु.न.पा.का. मा अनुरोध गर्ने निर्णय गरियो।

निर्णय नं. १४

बु.न.पा. वडा नं. ७ स्थित बुटवल हाटबजारमा रहेको सेडहरुको प्लेटफर्म निर्माण तथा सुधार गर्नु पर्ने भएकोले प्राविधिकबाट लागत अनुमान गराई आवश्यक रकम नियमित तथा आकस्मिक शीर्षकबाट व्यहोर्ने गरी कार्यान्वयन प्रकिया अगाडि बढाउने निर्णय गरियो।

निर्णय नं. १५

चालु आ.व. ०६९/०७० फाल्गुण मसान्त सम्ममा विभिन्न शीर्षकहरुमा रु.१४,०२,६२,१८२/४३ आम्दानी र सोही अवधीमा उपभोग खर्च, सेवा खर्च, फिर्ता सम्पुरक कोषा, पूर्वधार विकास, प्रवर्धनात्मक कार्यकम, लक्षित समुह कार्यक्रम र गत आ.व.को भुक्तानी गर्नु पर्ने रकम मा रु.११,६३,६०,३९१/८८ खर्च भएको व्यहोरा आजको बोर्ड बैठकमा जानकारी भयो ।

अन्त्यमा उपस्थित सबैलाई धन्यबाद दिई प्रमुखबाट बोडबैठक समाप्त भएको जानकारी गराउनु भयो।